नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प. सं.: ०८१/०८२
च. नं.: २४८

मितिः २०८१/१०/१३

**विषयः** थप स्पष्टता सम्बन्धमा ।

श्री गाउँ/नगरपालिका
सबै (७५३)

साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समायोजन भई कानून बमोजिम अवकास भइसकेका र अवकास हुने कर्मचारीहरू तथा सोही ऐन बमोजिम अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई गएका कर्मचारीको अवकास पछिको सेवा सुविधा भुक्तानी सम्बन्धमा मन्त्रिपरिषद्को मिति २०८१/९/९ मा भएको निर्णय आवश्यक कारवाहीको लागि यस मन्त्रालयको मिति २०८१।९।१४ च.न. २२२ मार्फत पठाइएकोमा केही स्थानीय तहहरूबाट साविक गाउँ विकास समिति र नगरपालिकामा स्थायी नियुक्त भई हाल गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका कर्मचारीको अवकास पछिको सेवा सुविधा भुक्तानी सम्बन्धमा अष्पस्टता भएको जानकारी प्राप्त भएको छ ।

सो सम्बन्धमा मिति २०८१/९/९ मा भएको नेपाल सरकार, मन्त्रिपरिषद् बाट साविक जिविसमा स्थायी नियुक्ति भई गाउँपालिका/नगरपालिकामा समायोजन भएका र समायोजन ऐनको दफा ६ (३) बमोजिम प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारीको सेवा निवृत सुविधा अर्को व्यवस्था नभएसम्मको लागि नेपाल सरकारले उपलब्ध गराउने निर्णय भएको तर साविक गाउँ विकास समिति तथा नगरपालिकामा स्थायी नियुक्ति भई हाल गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका कर्मचारीको अवकास पश्चातको सुविधा उक्त निर्णयले नसमेटेको हुँदा साविकको व्यवस्था अनुसारनै गर्नुपर्ने व्यहोरा स्पष्ट गरिन्छ।

.....................
दिपेन्द्र पाण्डे
शाखा अधिकृत